"पाँचखाल नगर–कृषि सहर"

# पाँचखाल नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

प.सं. : ०७६/७७
च.नं. : ५२८

फोन नं. ०११-४९९४५१
फ्याक्स नं. ०११-४९९२६७

मिति: २०७६/०५/२७

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक ३ नम्बर प्रदेश, नेपाल

श्री वडा अध्यक्षज्यू,
वडा समितिको कार्यालय सबै,
पाँचखाल नगरपालिका ।

विषय: **भत्ता रकम माग सम्बन्धमा ।**

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०७६/७७ को प्रथम चौमासिकबाट भत्ता प्राप्त गर्न निवेदन दर्ता गर्नुहुने लाभग्राही तथा साविकदेखि भत्ता खाइपाइ आइरहेका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता लाभग्राही जेष्ठ नागरिक अन्य, जेष्ठ नागरिक दलित, विधवा एकल, एकल महिला, पूर्ण अपाङ्ग, आंशिक अपाङ्ग तथा दलित बालबालिकाहरुलाई चालु आ.व.को प्रथम चौमासिकको लागि आवश्यक भत्ता रकम माग गर्ने प्रयोजनको लागि संलग्न गरिएको अनुसूची भरी मिति २०७६/०६/०१ गते बुधबारभित्र नगरपालिकाको सामाजिक सुरक्षा शाखामा उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प.सं. २०७६/७७ च.नं. २८२ मिति २०७६/०५/२६ गतेको प्राप्त पत्र समेत संलग्न गरि पठाइएकोले उक्त पत्र अनुसारको सामाजिक सुरक्षा भत्ता दरलाई आधार मानी अनुसुची तयार पारी उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

२०७६।०५।२६

राजेश बञ्जारा
शाखा अधिकृत
शाखा अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१
फ्याक्स : ४२११५६३

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- २०७६-७७
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- २८२

मिति: २०७६।०५।२६

विषय: **सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।**

पाँचखाल नगरकार्यपालिकाको कार्यालय
दर्ता मिति: 2076/5/26
दर्ता नं.: 606
दर्ता गर्नेको हस्ताक्षर:

श्री महानगरपालिका सबै,
श्री उपमहानगरपालिका सबै,
श्री नगरपालिका सबै,
श्री गाउँपालिका सबै,

प्रस्तुत विषयमा आ.व. २०७६।०७७ मा सामाजिक सुरक्षा भत्ता वृद्धि सम्बन्धमा अर्थ मन्त्रालयको २०७६।०५।१२ र २०७६।०५।२४ को पत्र अनुसार देहायको दरमा सामाजिक सुरक्षा भत्ता कायम भएको व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

तपसिल

| | | |
|---|---|---|
| १. | जेष्ठ नागरीक मासिक | रू.२०००।– |
| २. | एकल र विधवा महिला मासिक | रू.२०००।– |
| ३. | पूर्ण अपाङ्गता मासिक | रू.३०००।– |
| ४. | अति अशक्त अपाङ्गता मासिक | रू.१६००।– |
| ५. | लोपोन्मुख आदिवासी जनजाति मासिक | रू.३०००।– |
| ६. | बालबालिका (बाल संरक्षण अनुदान) मासिक | रू.४००।– |
| ७. | ७० वर्ष पूरा भएका जेष्ठ नागरीक उपचार खर्च मासिक | रू.१०००।– |

श्री [illegible] सुरक्षा शाखा,
२०७६/०५/२६

२०७६/५/२६
(दिपक काफ्ले)
महानिर्देशक